**बैठक संख्याः २०८०।०८१ – १५**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः वि. स. २०८१ साल असार १९ गते मंगलबार समय ११.०० बजे देखि सुरु ।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू ।

स्थानः गाउँपालिका सभाहल तनहुँ ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | युवराज गाल्छिने | | | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |
| १७ | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/१५ मिति : २०८१/०३/१८

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) जग्गाको मुल्य निर्धारण सम्बन्धमा ।

२) स्थनिय पाठ्यक्रम निर्माणको भुक्तानी दिने सम्बन्धमा ।

३) डि.पि.आर. सम्बन्धमा ।

४) सार्वजनिक सुनुवाईको भुक्तानी (पत्रपत्रिका तथा छपाई शिर्षकबाट) सम्बन्धमा ।

५) वडा नं.१ प्रहरी चौकी जग्गा सम्बन्धमा ।

६) विविध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं.१ माथि छलफल गर्दा मालपोत कार्यालय,तनहुँबाट आ.व.२०८१/०८२ का लागि लिखत पारित गर्ने प्रयोजको लागि जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धी प्रयोजनका लागि तपसिल अनुसार न्यूनतम मूल्याङ्कन रहने निर्णय गरियो ।

- कृष्ण मोटरमार्गले छोएको जग्गा प्रति रोपनी रु.५ लाख ।
- शालिग्राम करिडोरमा पर्ने जग्गा प्रति रोपनी रु.३ लाख ८० हजार ।
- साविक गजरकोट गा.वि.स.आवासिय भित्रि बाटोमा रु.२ लाख ८० हजार ।
- आवासीय जग्गा रु.२ लाख ।
- कृषि योग्य जग्गाहरुको रु.१ लाख ५० हजार प्रति रोपनी रहने ।
- साविक घिरिङ सुन्धारा गा.वि.स.बि.लेवलको बाटोमा प्रति रोपनी २ लाख ५० हजार ।
- व्यवसायीक र आवासिय बस्तीमा रु.२ लाख ।
- कृषि योग्य जग्गको रु.१ लाख प्रति रोपने कायम रहने ।
- साविक भगवतीपुर गा.वि.स.का श्रीङ्ग मोटरमार्ग वरीपरिका जग्गाहरु रु.५ लाख प्रतिरोपनी,सहायक मार्गहरुमा रु.२ लाख ५० हजार प्रतिरोपनी ,आवासीय र व्यवसायीकलाई रु २ लाख प्रतिरोपनी र कृषि योग्यलाई रु.१ लाख प्रतिरोपनी न्यूनतम मूल्य कायम रहने ।

निर्णय नं २ प्रस्ताव नं.२ माथि छलफल गर्दा स्थनिय पाठ्यक्रम निर्माणको जिम्मा लिएको संस्थालाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

कृष्ण प्रसाद धकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

निर्णय नं ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आ.व.मा सम्पन्न भएका डि.पि.आर.हरुको नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा चालु आ.व.मा भएको सार्वजनिक सुनुवाईको भुक्तानी पत्रपत्रिका तथा छपाई शिर्षकमा रहेको बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा यसै पालिका वडा नं.१ मा रहेको प्रहरी चौकीको माग पत्र उपर गाउँपालिका गाउँकार्यपालिकाको बैठकमा छलफल हुँदा यसै पालिका वडा नं.१ मा रहेको प्रहरी चौकीको लागि अघिल्लो कार्यकालमा कार्यालय भवन निर्माणका लागि तोकिएको स्थानलाई माथिल्लो निकायबाट उक्त स्थान भवन निर्माण स्थल उपयुक्त नभएको हुँदा अन्य उपयुक्त स्थानमा भवन निर्माण गर्नका लागि वडा नं. १ बाट नै आवश्यक परामर्श लिई वडा कार्य समितिको निर्णयबाट उपयुक्त स्थान तोकि सिफारिस गर्ने भन्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं.६ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- हाल यसै गाउँपालिका वडा नं.१ मा संचालनमा रहेको कोइका (INGO) संस्थाले स्वास्थय सम्वन्धी काम गर्दै आइरहेको साथै उक्त संस्थाबाट कृषि संकलन केन्द्र पनि निर्माण भै सकेको हुँदा उक्त संकलन केन्द्रलाई सवारी साधन समेत आवश्यक परेको हुँदा सो सवारी साधन कोइका संस्थाबाट नै खरिद गरि गाउँपालिकालाई नै हस्तान्तरण गरी कृषि उपज संकलन केन्द्रको प्रयोगमा रहने भन्ने निर्णय गरियो ।
- पारिश्रमीक कर्मचारी शिर्षकबाट रु.३ लाख जनजाति उत्थान कार्यक्रममा रु.१ लाख ३५ हजार र बैठक भत्तामा रु.१ लाख १० हजार रकमान्तर गरि भुक्तानी दिने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

ऋषिङ्ग गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रिसिङ्गपाटन, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३